## श्री युनाइटेड इन्स्योरेन्स कं.(नेपाल) लिमिटेड

### परिशिष्ट १ (निर्देशन १ संग सम्बन्धित)

### निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको त्रैमासिक वित्तीय विवरण

### आ.व २०७६/०७७ को चौथो त्रैमासिक (२०७७ असार मसान्त) सम्मको लेखापरीक्षण हुन बांकी वित्तीय परिणाम

रकम रु हजारमा

| | | लेखा परिक्षण नभएको | लेखा परिक्षण नभएको | लेखा परिक्षण नभएको |
|---|---|---|---|---|
| | | **वासलात** | | |
| क.स | विवरण | यस त्रैमासिकको अन्त्यसम्ममा | अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा |
| **१** | **श्रोत (१.१ देखी १.४ सम्म)** | **१,४१८,२८७।३०** | **१,३९८,६६६।८०** | **६२८,१८४।५५** |
| १.१ | चुक्ता पूंजी | १,०२८,१६०।०० | १,०२८,१६०।०० | ३०२,४००।०० |
| १.२ | जगेडाकोष | ७५,२११।३५ | ६७,१५६।११ | २८,४९८।६२ |
| १.३ | बीमा कोष | ३०८,००१।८८ | २९६,४३६।६१ | २९०,३७१।८५ |
| १.४ | महा-विपत्ति जगेडा | ६,९१४।०८ | ६,९१४।०८ | ६,९१४।०८ |
| १.५ | तिर्न बाकी दीर्घकालिन ऋण तथा सापटी | | | |
| **२** | **उपयोग (२.१ देखि २.५ सम्म)** | **१,४१८,२८७।३०** | **१,३९८,६६६।८०** | **६२८,१८४।५५** |
| २.१ | स्थिर सम्पति (खुद) | २१,१७८।२४ | २०,१२३।४५ | २२,५९८।१६ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | २२०,७९२।९४ | २१५,५५६।४३ | २०४,७४८।५६ |
| **२.३** | **खुद चालु सम्पती (३(४)** | **१,१७६,३१६।१३** | **१,१६२,९८६।९२** | **४००,८३७।८४** |
| २.४ | अपलेखन वा समायोजन हुन बाकी विविध खर्च | | | |
| २.५ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | | | |
| | खुद चालु सम्पतीको विवरण | | | |
| **३** | **चालु सम्पति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)** | **२,१८१,५४०।७१** | **२,०७५,०४४।००** | **१,११३,३१४।०८** |
| ३.१ | नगद तथा बैक मौज्दात | ९८,९४४।१९ | १२३,८३०।२७ | १२१,७३०।९१ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | १,३०९,१२४।३३ | १,३०६,०००।०० | ४९८,५२२।८९ |
| ३.३ | अन्य सम्पति | ७७३,४७२।१९ | ६४५,२१३।७२ | ४९३,०६०।२८ |
| **४** | **चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म)** | **१,००५,२२४।५८** | **९१२,०५७।०७** | **७१२,४७६।२४** |
| ४.१ | चालु दायित्व | ४१५,६२१।९२ | २५८,६२१।१६ | १९५,६३८।१२ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १६२,७६७।२२ | १८६,७४५।४४ | १२०,६३१।३५ |
| ४.३ | भुक्तानी हुन बाकी दावी वापत व्यवस्था | २९३,१४५।२२ | २८३,७२३।९३ | २३६,१६१।७६ |
| ४.४ | अन्य व्यवस्था | १३३,६९०।२२ | १८२,९६६।५५ | १६०,०४५।०० |

**नाफा नोक्सान हिसाब**

| क्र.स | विवरण | यस त्रैमासिकको अन्त्यसम्ममा | अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा |
|---|---|---|---|---|
| **१** | **आम्दानी (१.१ देखि १.४ सम्म)** | **८४,५५१।०८** | **३२,२००।१०** | **६१,५७१।६४** |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ३३,७०२।०१ | (११,०९८.२२) | (४३,५८०.२३) |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | ४७,७५७।३४ | ३६,९०४.७४ | ३९,६५५।३७ |
| १.३ | व्यबस्था फिर्ता | ३,०९१।७३ | ६,३९३.५७ | ६५,४९६।५० |
| १.४ | अन्य आम्दानी | | | |
| **२** | **व्यबस्था तथा खर्चहरु (२.१ देखि २.७ सम्म)** | **५०,४४१।३४** | **२०,०७०।५९** | **४०,३१२।३८** |
| २.१ | व्यवस्थापन खर्च | १६,७७४।९८ | ११,२९९।६२ | १३,५०६।९० |
| २.२ | अपलेखन खर्च | | | |
| २.३ | अन्य खर्च | २,२४८.४८ | १,८३९.८२ | १,८३९.८२ |
| २.४ | नोक्सानीको लागि व्यवस्था | ६,५४७.३४ | – | १०,०७४.०१ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ५,८९८।०३ | १,७३२।७९ | ३,६१५।०९ |
| २.७ | आयकर | १८,९७२।५२ | ५,१९८।३६ | ११,२७६।५५ |
| | **खुद नाफा नोक्सान (१(२)** | **३४,१०९।७३** | **१२,१२९।५१** | **२१,२५९।२७** |

**एकिकृत आय व्यय हिसाब**

| क्र.स | विवरण | यस त्रैमासिकको अन्त्यसम्ममा | अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा |
|---|---|---|---|---|
| **१** | **आय(१.१ देखि १.६ सम्म)** | **७८९,४२३।६७** | **६९४,०३५।५५** | **६४०,३८२।५७** |
| १.१ | बीमा शुल्क (खुद) | ३१८,०२२।२६ | २४७,१९७।८४ | २३०,७५२।४३ |
| १.२ | पुर्नबीमा कमिशन आय | ७१,५६७।२५ | ६६,०३०।५३ | ५४,६७७।३० |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ४६,७९७।१४ | २९,२६९।२१ | २६,५५३।४५ |
| १.४ | अन्य प्रत्यक्ष आय | | | |
| १.५ | यस बर्षको शुरुको भुक्तानी हुन बाकी दावी वापत व्यवस्था | २३६,१६१।७६ | २३६,१६१।७६ | १९४,०८६।१९ |
| १.६ | यस बर्षको शुरुको असमाप्त जोखिम वापत व्यवस्था | ११६,८७५।२६ | ११५,३७६।२१ | १३४,३१३।२० |
| **२** | **व्यय (२.१ देखि २.८ सम्म)** | **७५५,७२१।६६** | **७०५,१३३।७७** | **६८३,९६२।८०** |
| २.१ | दावी भुक्तानी | १२८,३२४।०० | १०३,४७३।५५ | १९०,०२३।६८ |
| २.२ | अभिकर्ता कमिशन | १९,३८२।०९ | १३,८६६।६१ | १६,२९४।०५ |
| २.३ | पुर्नबीमा कमिशन खर्च | | | २।१६ |
| २.४ | सेवा शुल्क (खुद) | ३,१८०।२२ | २,४७१।९८ | २,३०७।५२ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | १,७०४।१९ | | २,२३५।२७ |
| २.६ | व्यवस्थापन खर्च | १५०,९७४।८१ | ११८,२५५।०० | १२१,५६२।१४ |
| २.७ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाकी दावी वापत व्यवस्था | २९३,१४५।२२ | २८३,७२३।९३ | २३६,१६१।७६ |
| २.८ | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | १५९,०११।१३ | १८३,३४२।७० | ११५,३७६।२१ |

| | | | | |
|---|---|---|---|---|
| **३** | **नाफा  नोक्सान हिसाब (१(२) मा सारेको** | ३३,७०२।०१ | (११,०९८.२२) | (४३,५८०.२३) |
| **अन्य** | | | | |
| **क.स** | **विवरण** | **यस त्रैमासिक अन्त्यसम्ममा** | **अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा** | **अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको  अन्त्यसम्ममा** |
| १ | कुल बीमाशुल्क आर्जन रकम रु. हजारमा | ६५५,४९४।६८ | ५१२,१७४।८६ | ४८८,०३३।४५ |
| २ | जारी बीमालेखको संख्या | ९०,७९३।०० | ६९,२८५।०० | ६८,९३०।०० |
| ३ | नवीकरण गरिएको बीमालेख संख्या | ५,६९४।०० | ४,५१०।०० | ७,३३३।०० |
| ४ | कुल दावी भुक्तानी रकम रु. हजारमा | २२३,८३१।७३ | १६५,३१२।१४ | ३०५,६०२।८४ |
| ५ | कुल दावी भुक्तानी संख्यामा | २,०४२।०० | १,५९८।०० | १,८५०।०० |
| ६ | भुक्तानी हुन बाकी दावी रकम रु. हजारमा | ४३०,४२८।६३ | ४२५,९५४।३३ | २८२,०३२।६२ |
| ७ | भुक्तानी हुन बाकी दावी संख्यामा | १,९१४।०० | २,०१२।०० | १,५९७।०० |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४ नियम २६ को उपनियम (१) सँग सम्बन्धित आर्थिक वर्ष २०७६।०७७ को चौथो त्रैमासिक प्रतिवेदन

### १. वित्तिय विवरण

(क) यस कम्पनीको आर्थिक वर्ष २०७६।०७७ को चौथो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान तथा एकिकृत आय व्यय हिसाब विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तिय अनुपातहरु

| | |
|---|---:|
| प्रति शेयर आम्दानी (EPS) | ३.३२ |
| मूल्य आम्दानी अनुपात (PE Ratio) | १११.५३ |
| प्रति शेयर नेटवर्थ | १३७.९४ |
| प्रति शेयर कुल सम्पत्तिको मुल्य | २३५.७१ |

### २. व्यवस्थापकीय विश्लेषण

समिक्षा अवधिमा कम्पनीको कार्य संचालन सुचारु रुपले भैरहेको र वित्तिय स्थिति सन्तोषजनक रहेको छ। कम्पनीले आ.ब. २०७६।०७७ को चौथो त्रैमासिक अवधिसम्ममा गत आ.ब. २०७५।०७६ को चौथो त्रैमासिक अवधिको तुलनामा बीमा शुल्क रु. १६ करोड ७५ लाख अर्थात ३४।३१ प्रतिशतले बढी आर्जन भएको छ। कम्पनीले आगामी दिनमा व्यवसायिक विविधिकरण गरी मुलुकका विभिन्न प्रदेशहरुमा बीमा सम्बन्धी छिटो छरितो सेबा प्रदान गर्नको लागि तथा बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्नको लागि प्रत्येक प्रदेशमा प्रदेश कार्यालय तथा आवश्यकता अनुसार शाखा कार्यालयहरु विस्तार गरिने छ साथै अग्नि तथा भुकम्प, बाढी पहिरो, कृषि तथा स्वास्थ्य बीमालाई उच्च प्राथमिकता दिइने योजना रहेको छ। गत बर्षको विवरणहरुमा लेखापरिक्षकको आजको मिति सम्मको सुझाव बमोजिम परिमार्जित गरिएको छ। सर्वोच्च अदालतमा पुनरावलोकन तथा विचाराधीन रहेको मुद्धा बापत सम्भावित भुक्तानी गर्नुपर्ने रकम तथा अन्य मुद्धासँग सम्बन्धित सम्भावित दायित्व बापतको रकमका लागि रु. पाँच करोड पचहत्तर लाख बराबरको थप व्यवस्था गत तथा यस आ.व. को विवरणहरुमा समायोजन गरेको छ।साथै कम्पनीले "दाबी ठामको ठाम, युनाइटेड इन्स्योरेन्स नै जाम" योजना अर्न्तगत बीमीतलाई यथासक्य चाँडो दाबी बापतको भुक्तानी गर्ने गरेको छ, यसबाट बीमीतहरु थप आकर्षित हुनुका साथै सेवाग्रहणमा अग्रसरता देखाएका छन।

### ३. कानुनी कारवाही सम्बन्धि विवरण

(क) उल्लेखित त्रैमासिक अवधिमा यस कम्पनीका विरुद्ध कुनै पनि मुद्दा दायर नभएको - तथा हालसम्म यस कम्पनीसँग सम्बन्धित दुई वटा मुद्दा सर्वोच्च अदालतमा विचाराधिन रहेको छ।

(ख) कम्पनीको सस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको जानकारी नभएको।

(ग) कम्पनीको सस्थापक वा संचालक विरुद्धमा आर्थिक अपराध सम्बन्धमा कुनै मुद्दा भएको जानकारी नभएको।

### ४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विवरण

**शेयर कारोवार सम्बन्धी विवरण निम्नबमोजिम रहेको छ।**

| | |
|---|---|
| अधिकतम मूल्य | रु. ३९३ |
| न्यूनतम मूल्य | रु. २७३ |
| अन्तिम मूल्य | रु. ३७० |
| कारोबार भएको कुल दिन | १४ दिन |
| कारोबार संख्या | १२२१ |
| कारोबार शेयर कित्ता | २०२१७१ कित्ता |

### ५. समस्या र चुनौति

बीमा सम्बन्धी जनचेतनाको अभाव, मोटर व्यवसायमा बढदो दाबी तथा पूनर्बीमक कम्पनीहरुबाट क्रमश :जोखिमधारण घटाउदै लगेको अवस्था, बीमा बजारमा बढ्दै गएको अस्वस्थ प्रतिस्पर्धा रहिरहेको अवस्था छ । यसै बीच नयाँ कम्पनीहरुको आगमनले बीमा व्यवसाय विस्तारमा केहि समस्या देखिएको छ तथा दक्ष कर्मचारीहरुको अभाव देखिन गएको छ । आगामी दिनमा कम्पनीले दक्ष जनशक्तिको विकास गरि कम्पनीलाई अझ सवल बनाई कम्पनीको प्रदेश कार्यालय तथा शाखा विस्तार गरि छिटो छरितो सेवा प्रदान गर्न दक्ष जनशक्तिको विकाश गर्नपर्ने चुनौति रहेको छ र सोहि बमोजिम कार्य भइरहेको छ । ग्राहकहरुलाई बीमालेख तथा दावी सम्बन्धी सुचना प्रदान गर्न कम्पुटराइज प्रणाली (Computerized System) मा जोड दिनुका साथै अनलाइन सेवाहरु (Online Services) पनि दिइरहेको तथा कम्पनीको कार्य सुचारु गर्न तथा ग्राहकलाई समयमै सेवा उपलब्ध गर्न ३६५ दिन नै कार्यालय सुचारु गर्ने योजना समेत रहेको छ ।

### ६. संस्थागत सुशासन

संस्थागत सुशासनको लागि कम्पनी सदैव तत्पर रहेको तथा आफ्ना शेयरधनी, ग्रहकहरु तथा नियमनकारी निकायहरुलाई समय समयमा सत्य तथ्य सूचना प्रदान गर्न व्यवस्थापन प्रतिवद्ध रहेको छ । बीमा समितिबाट जारी भएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५ को पूर्ण रुपमा पालना गरीएको छ र संस्थागत शुसासन अनुसार सुशासन इकाई गठन गरिएको छ र नियमित रुपमा परिपालन विभागबाट संस्थागत सुशासन सम्बन्धी त्रैमासिक प्रतिवेदन तयार गरि आवश्यकता अनुसार सुधार गर्ने कार्य गरिएको छ । साथै निर्देशिका बमोजिम बीमा समितिलाई पेश गर्नु पर्ने विवरणहरु तथा सम्बन्धित निकायहरुलाई पेश गर्नुपर्ने आवधिक विवरणहरु यथाशिघ्र पेश गर्नका लागि कम्पनीको विद्ममान सफ्टवेयरलाई आवधिक गराई चुस्त तथा दुरुस्त सेवा प्रदान गर्नका लागि पहल गरेका छौं । आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त बनाउनको लागि आन्तरिक लेखापरिक्षण कार्य विस्तृत रुपमा सम्पादन गराई प्राप्त सुझावहरुको कार्यान्वयन समयमै गर्ने व्यवस्था मिलाइएको छ ।

### ७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन ।